नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

# सूचना तथा प्रसारण विभाग

सञ्चारग्राम, काठमाण्डौं
(प्रशासन तथा प्रेस शाखा)

फोनः ४११२५५४
४११२७१७
फ्याक्सः ४११२६५२
ईमेल:pressdoi8@gmail.com

प.सं.: २०७७/०७८
च.नं.: १९२

मितिः२०७७।०४।३२

श्री सम्पादकज्यू,
वर्गीकरणमा परेका सबै पत्रपत्रिकाहरु ।

विषयः <u>विज्ञापनको नमूना पठाइएको सम्बन्धमा</u> ।

नेपाल सरकारले वर्गीकरणमा परेका पत्रपित्रकाहरुलाई लोककल्याणकारी विज्ञापन उपलब्ध गराउँदै आएको व्यहोरा अवगत नै छ । यसै सिलसिलामा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण प.सं. २०७६/७७ च.नं. ४४७ मिति २०७७।०३।११ को पत्रानुसार वर्षातको समयमा अत्याधिक वर्षाको कारण हुन सक्ने प्राकृतिक विपद् र त्यसबाट हुने जनधनको क्षती न्यूनीकरण गर्न सचेतना मूलक सन्देशहरु प्रचार प्रसार गर्न अनुरोध भई आएको हुँदा देहायको सूचना प्रचार/प्रसारको लागि सम्पूर्ण वर्गीकृत पत्रपत्रिकारुले तुरुन्त प्रकाशन गर्ने व्यवस्था गर्नु हुन मिति २०७७।०४।२९ को निर्णय अनुसार अनुरोध छ।

केशव राज शर्मा
शाखा अधिकृत

<u>बोधार्थः</u>
श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबार, काठमाडौं ।
श्री सातै प्रदेश मुकाममा रहेका हुलाक सेवा निर्देशनालय/कार्यालयहरु ।



Scanned with CamScanner

**वर्षातको समयमा बाढी, पहिरो, भू-क्षय जस्ता प्राकृतिक प्रकोपबाट ठूलो धनजनको क्षती हुन सक्दछ; त्यसैले**

- बाढी, पहिरो र भू-क्षयको जोखिम हुने स्थानहरूमा बस्ती नबसालौं ।
- वर्षातको समयमा हुने बाढी, पहिरो जस्ता विपद् जोखिम स्थानहरूको पहिचान गरी सुसूचीत गराऔं ।
- स्थानीय आपतकालिन केन्द्रहरूको स्थापना गरी उद्धार टोली र राहतको सामग्रीको जोहो गरौं ।
- विपद्को समयमा आपतकालिन केन्द्रमा तुरून्त खबर गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

**वर्षातको समयमा अधिक वर्षाको कारण डुवान तथा पानीजन्य प्रकोपको सम्भावनाहरु बढी हुनसक्दछ; त्यसैले**

- डुवान हुने क्षेत्रहरूमा पानीको बहाव निकास हुने प्रणाली (नाली, पाइप) चालू अवस्थामा राखौं ।
- बाढी पस्न सक्ने तथा डुवानमा पर्न सक्ने स्थानहरूमा पूर्व सूचना प्रणालीको व्यवस्था गरौं ।
- बाढी तथा पानीको बहाव बढेको सुसूचीत गराउन साइरन जडान, एसएमएस, एफ.एममा सूचना दिने जस्ता विकल्पहरू तयारी अवस्थामा राखौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

**वर्षातको समयमा आइपर्ने सम्भावित विपद्बाट बचौं र बचाऔं ।**
**बाढी, पहिरो र डुबानको जोखिममा रहेका बस्तीहरुलाई सुरक्षित स्थानमा सारौं ॥**

- बाढी, पहिरो, डुवानको जोखिम भएका बस्तीहरूको अवस्थितिबारे स्थानीय र जिल्ला तहका विपद् जोखिम न्यूनीकरण समितिहरूलाई जानकारी गराउने ।
- विपद जुनसुकै बेलापनि आईपर्न सक्छ, त्यसैले पूर्व तयारी र प्रतिकार्य तयारी अवस्थामा राख्ने ।
- प्रत्येक टोल बस्तीहरूमा उद्धार टोली गठन गरी आवश्यक तालिमको व्यवस्था गर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

Scanned with CamScanner